{९८४८४९२७२७

# गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घटमुखा, बाजुरा

(सुदुरपश्चिम प्रदेश, नेपाल)

प्र.स ०८२।०८३ | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | च.नं. ९३६४

मितिः २०८३।३।३२

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सुचना ।।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन २०७५ नियमावली २०७६,मो नियम (९) को उपनियम १ तथा सामाजिक सुरक्षा नियमावली २०८२ अनुसार प्रत्येक आर्थिक वर्षको "श्रावण १ गते देखि असोज मसान्त भित्र" सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरणका लागि निवेदन दिनु पर्ने व्यवस्था भएकोले यस गौमुल गाउँपालिकाको आ.व. २०८२।०८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्रहीहरुले आ.व २०८३।०८४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि अनिवार्य रुपमा आफ्नो वडा कार्यालयमा स्वंयम उपस्थिति भई तोकिएको ढाँचामा निवेदन दिई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिन्छ ।

### सामाजिक सुरक्षा भत्ता नविकरणका लागि आवश्यक कागजातहरु

| क्र म | सामाजिक सुरक्षाको किसिम | आवश्यक कागजात | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य/ जेष्ठ नागरिक दलित | हालसालै खिचेको पास्पोर्ट साईजको फोटो १ प्रति,नागरिकता प्रमाणपत्रको प्रतिलिपि र राष्ट्रिय परिचयपत्र नम्बर वा प्रमाणपत्र | |
| २ | जेष्ठ नागरिक एकल महिला र विधवा | हालसालै खिचेको पास्पोर्ट साईजको फोटो १ प्रति,नागरिकता प्रमाणपत्रको प्रतिलिपि र राष्ट्रिय परिचयपत्र नम्बर वा प्रमाणपत्र पतिको मृत्यु दर्ता प्रमाण पत्र र अर्को विवाह नगरेको सिफारिस | |
| ३ | अपाङ्ग भएका व्यक्ति (क)र(ख) वर्ग | हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, नावालक भएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि नागरिकता भएमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र राष्ट्रिय परिचयपत्र नम्बर वा प्रमाण अपाङ्गता परिचयपत्रको प्रतिलिपि र संरक्षणको नागरिकता प्रमाण पत्र प्रतिलिपि | |
| ४ | क्षेत्र तोकियका वालवालिकार दलित वालवालिका | हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति , जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र संरक्षकको नागरिता प्रमाण पत्रको प्रतिलिपि | |

*नोटःवालवालिका,पुर्ण अपाङ्ग,वा आफै उपस्थित हुन नसक्ने ९० वर्ष माथिका जेष्ठ नागरिकको हकमा निजको परिवारका सदस्य वा संरक्षकले निवेदन दिन सक्नेछन । सामाजिक सुरक्षा भत्ता तोकिएको समयमा नविकरण नगराउने लाभग्राहिको नाम प्रणालीबाट स्वतःहट्ने छ । नोटमा उल्लेख भए भन्दा बाहेक सबै लाभग्रहीहरुको राष्ट्रिय परिचयपत्रमा आधारीत वायोमेट्रिक भेरिफिकेशन अनिवार्य गरियको छ र थप जानकारीको लागि सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखामा सम्पर्क नं. ९७६५५८१८०४ र ९८४४६६९२९५ सम्पर्क गर्न सकिने छ ।*

(हरिशचन्द्र वि.कं.)
नि. प्रमुख प्रशासकीय अधिकृत
**नि.प्रमुख प्रशासकीय अधिकृत**